

# आज के खाने?


Rochak Dahal

Mrigaja Bajracharya



Let's Read

The Asia Foundation



"बाबा, बाबा ! भोक लाग्यो ।
के खाजा खाने ?" समीरले सोध्यो ।



"आज हामी गोलो र गुलियो मिठाई खाने," बाबाले भन्नुभयो ।

"आहा ! जेरी खाने हो ?"



"होइन नि ! सेल खाने ।"





"आमा आमा ! भोक लाग्यो । आज के तरकारीसँग खाना खाने ?" समीरले सोध्यो।

"गोलो र हरियो तरकारी खाने," आमाले भन्नुभयो ।

"आहा ! बन्दाको तरकारी खाने हो ?"



"होइन, आज हामी केराउ खाने ।"





"मिस मिस ! भोक लाग्यो ! आज खाजा के खाने?" समीरले सोध्यो ।

"गोलो गोलो र सेतो सेतो खाजा खाने," मिसले भन्नुभयो ।

"आहा ! रोटी खाने हो ?"



"होइन, आज त मोमो खाने ।"



"हजुरबुबा हजुरबुबा ! भोक लाग्यो ! हामी आज के खाने ?" समीरले सोध्यो ।

"आज त घरमा खाना नै छैन बाबु !" हजुरबुबाले भन्नुभयो ।




"ला...! अब के खाने त ?" समीरले सोध्यो ।



"आज त हामी भोज खान जाने !" सबैले भने ।



"आहा ! यहाँ त गोलो खाना मात्र होइन, रातो अचार, तिन कुने समोसा, चार कुने बर्फी, लाम्चो गाजर र रङ्गीबिरङ्गी आइसक्रिम पनि रहेछन् !"

Brought to you by

The Asia Foundation

Let's Read is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*आज के खाने? (Samir is Hungry)*, Author: Rochak Dahal. Illustrator: Mrigaja Bajracharya. Published by The Asia Foundation - Let's Read, © The Asia Foundation - Let's Read. Released under CC BY-NC 4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2018. Some rights reserved. Released under CC BY-NC 4.0.

For full terms of use and attribution, http://creativecommons.org/licenses/by-nc/4.0/